# प्रेस विज्ञप्ति- २८२

# Press Release-282

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ ।
मिति: २०७७।०४।०३ गते ।

## लागू औषध कारोवारी नक्कली नोट सहित पक्राउ

लागू औषध तथा नक्कली नोट कारोवार गर्दै छन् भन्ने विशेष सूचनाको आधारमा यस लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी अधिकृत समेतको टोलीले आज मिति २०७७/०४/०३ गते जिल्ला बारा महागढीमाई न.पा. -२ बरियापुर स्थित सडक किनारमा ना.५४ प.३८०५ नंम्बरको मोटरसाईकल सहित निम्न तिन जना मानिसलाई फेला पारी नियन्त्रणमा लिई निजहरूको शरिर तथा मोटरसाईकलमा रहेको प्लाष्टिकको वोरा खानतलासी गर्दा लुकाई छिपाई राखिएको **अवैध नक्कली नेपाली रूपैया** १००० दरको १४७० वटा, १०० दरको ७४४ वटा गरी जम्मा नेपाली रुपैया रु.१५,४४,४०० (पन्ध्र लाख चवालिस हजार चार सय रुपैया), त्यसै गरी **भारतिय नक्कली रुपैया** ५०० दरको २९७ वटा र ५० दरको ७०३ वटा गरी जम्मा भारतिय रुपैया रु. १,८३,६५० (एक लाख त्रियासी हजार छ सय पचाँस) फेला परेकोले उक्त नक्कली रुपैया तथा ना. ५४ प. ३८०५ नं. को मोटरसाईकल समेत निम्न ठेगाना भएका तिनजना मानिसहरुलाई पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय बारामा बुझाईएको ।

**पक्राउ गरेका निम्न मानिसहरू:**

१) जिल्ला मोतिहारी थाना मजौर पञ्चायत जमुनिया ग्राम कुरैया भारत ठेगाना भएका बर्ष २५ को सुधिर कुमार कुशहवा ।

२) जिल्ला बारा सिम्रनगढ न.पा वडा नं. ४ ठेगाना भएका बर्ष २६ को मनोज साह तेली ।

३) जिल्लाबारा आदर्श कोटवाल गा.पा. वडा नं. ६ पटेर्वा ठेगाना भएका बर्ष ३० को नरेन्द्र प्रसाद कुशहवा ।


AVENGERS

